# आर्थिक वर्ष २०७५/०७६
# को
# नीति तथा कार्यक्रम

## ढोरपाटन नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बुर्तिवाङ, बगलुङ
## २०७५

## नगरसभाको बैठकमा २०७५ साल असार १० गते आइतबार

**आर्थिक बर्ष २०७५/०७६ को ढोरपाटन नगरपालिकाको नीति तथा कार्यक्रम**

**नगर सभाका सम्पूर्ण सदस्य ज्यूहरु,**

ढोरपाटन नगरपालिकाको नगर सभा बैठकमा नीति तथा कार्यक्रम सम्वोधन गर्न पाउदाँ म निकै गौरवान्वित भएको छु ।

१ नेपालमा भएका धेरै परिवर्तनहरु २००७ साल, २०३६ साल, २०४६ साल र २०६२/०६३ सम्म आइपुग्दा नेपाल संघीय गणतन्त्रात्मक देश वन्न पुगेको छ । संघीय राज्य प्रणालीबाट विश्वका केही मुलुकहरु सुशासनयुक्त सम्पन्न र शक्तिशाली वन्न पुगेका छन् । हाम्रो देशमा पनि संघीय प्रणाली अन्तरगतको शासन प्रद्धतिबाट नेपाली जनताको प्रगतिमा पुग्न सकिने लक्ष्य राखिएको छ । स्थानीय तहको शक्ति हस्तान्तरण र श्रोत परिचालनबाट छिटो प्रगति हुने विश्वास संविधानले लिएको छ । हाम्रो जस्तो नयाँ नगरपालिकाहरुले श्रोत जुटाउन र परिचालन गर्न त्यति सहज र सरल छैन् तथापि जनश्रम, प्रत्यक्ष र अप्रत्यक्ष करको खोजिबाट स्थानीय तहलाई आत्मनिर्भर बनाउन कोसिस गरिने छ । जनताका सेवालाई सहज र सरल बनाउन सुशासनमा वढी ध्यान दिइने छ । हामीसँग प्राप्त श्रोत साधनलाई बढीभन्दा वढी प्रयोग गरेर जनप्रतिनिधिहरुको निगरानीमा जनउपयोगी बनाइने छ । कर्मचारी र जनप्रतिनिधिको सामूहिक प्रयासबाट लोकतान्त्रिक मूल्य र मान्यतालाई जनहितमा प्रयोग गरिने छ । राज्यको स्वरुप तिन तहको रहने गरी नेपालको संविधान २०७२ ले निर्धारण गरे पश्चात देशमा संघीयता कार्यान्वयनको चरणमा विभिन्न ७५३ वटा स्थानीय तहको स्थापना भएको छ । स्थानीय सरकार संचालन गर्नको लागि स्थानीय सरकार संचालन ऐन, २०७४ कार्यान्वयनमा आएको छ । यसको आधारमा यस ढोरपाटन नगरका जनताले उच्च विस्वासका साथ जनप्रतिनिधि निवार्चित गराई नगर विकासको साँचो निर्वाचित प्रतिनीधीहरुको हातमा सुम्पनु भएकोमा जनमतको उच्च सम्मान गर्दै नगरबासीको चाहना अनुरुप कार्यसम्पादन गर्ने प्रतिबद्धता समेत व्यक्त गर्न चाहन्छु । साथै लोकतन्त्र प्राप्तिको संघर्षमा जीवन उत्सर्ग गर्नुहुने सहिदहरप्रति श्रदान्जली अर्पण गर्दछु । राष्ट्रियता लोकतन्त्र र जनजीविकाको आन्दोलनमा अगुवाई गर्नु हुने सम्पुर्ण अग्रजहरुको  योगदानको उच्च सम्मान सहित स्मरण गर्न चाहन्छु ।

२ लामो समयसम्म स्थानीय तह जनप्रतिनिधि विहीन रहेको अवस्था विद्यमान थियो । यसवाट जन्मिएका कतिपय असजिलाहरु अहिले पनि छन् । यी असजिलाहरुलाई कर्मचारी र जनप्रतिनिधिहरुको संयुक्त प्रयासवाट सहजतामा वदलिने छ । सवै वडा कार्यालय र नगरपालिका समेत नागरिक मैत्री हुनेछन् । स्थानीय तहमा जाँदा हुन सक्ने कर्मचारी मित्रहरुको मानसिक द्विविधालाई जनप्रतिनिधिहरुको सहिष्णुता र मैत्रीपूर्ण व्यवहार साथै राष्ट्रसेवाको माध्यमवाट उर्जाशील बनाईने छ । इमान्दारिता, कर्तव्यप्रायणता र पारर्दशिता कार्यसम्पादनका माध्यम हुने छन् । शिक्षा जनचाहना अनुकुलको र विद्यार्थी मैत्री हुने छ । स्वास्थ्य सेवाहरुलाई समयानुकुल र जनउपयोगी बनाइने छ । युवाहरुलाई स्वरोजगारउन्मुख हुन उत्प्रेरित गरिने छ । समयमा कार्य सम्पादन गर्न र गुणस्तरीय कार्य गर्न रोजगार मुलक तालिमहरु संचालन हुने छन् ।

३ पूर्वाधारहरुको निर्माणमा सडकलाई पहिलो प्राथमिकता दिइने छ । नगरका हरेक वडा र त्यहाँका कार्यालयसम्म पुग्ने गरि ट्र्याक निर्माण गरेर सवै वडाहरुलाई नगरपालिकाको सदरमुकाममा जोड्ने काम आर्थिक वर्ष २०७५/०७६ मा नै गरिने छ । नगरपालिकाका मुख्य सडकहरुको स्तरोन्नति गर्नका लागि यो आगामी आर्थिक वर्षबाट नै कामको थालनी गरिने छ । पाँच वर्ष भित्रमा बुर्तिवाङ बजार भित्र सबै वडाबाट बुर्तिवाङसम्म नाली र ग्रावेलयुक्त सडक निर्माण गरेर बाह्रै महिना सुगमतासँग चल्ने बनाइने छ । ढोरपाटन नगरपालिकाको सडक गुरुयोजना निर्माण गरि  साथै ढोरपाटन उपत्यकाको सडक गुरु योजना निर्माण गरि रिङरोड बनाउने लक्ष्य राखिएको छ । यसको लागि प्रदेश सरकार र केन्द्र सरकारसंग हातेमालोको कार्यक्रम राखिएको छ । थप पाँच वर्षमा नगरपालिकाका प्रमुख सडकहरु कालोपत्रे समेत हुनसक्ने लक्ष्य नगरपालिकाको छ । नगरपालिकाको सदरमुकामलाइ व्यवस्थित गरी यसै आ.व.मा आमनगरवासीले परिर्वतनको अनुभूति दिने बनाइने छ । आगामी आर्थिक वर्षमा नै तत्कालिन उच्च मा.वि. अहिलेका माध्यमिक विद्यालयहरुलाई निर्माण कामको सुगमतालाई ध्यानमा राखेर ट्र्याक जोड्ने काम गरिने छ । एवं रितले थप तिन वर्षमा (१-८, १-५, १-३) आधारभूत

विद्यालयहरुलाई पनि सडकको ट्रयाकले जोडिने छ । नगरपालिकाको आय वृद्धि गर्न मद्दत गर्ने गिटी, वालुवासँगका नाकाहरु जोडिने छन् ।

४ **धार्मिक पर्यटन क्षेत्रहरु :** ढोरपाटन, अर्नाकोट, घोसा, भब्रेटा, बुर्तिवाङको भगवती मन्दिर, भब्रेटाको भगवती मन्दिर, रुद्रताल, बराहताल, छ्यान्तुङ गुम्बा जस्ता अरु थानहरुको पनि पहिचान गरी पर्यटन प्रवर्धनका लागि अगाडि बढिने छ । यो नगरपालिका का पुराना विभिन्न पेशा र व्यवसायलाई आधुनिकीकरण गर्दै संरक्षण र संवर्धनमा नगरपालिका लाग्ने छ । साथै पर्यटन विकासका लागि पर्यटन गुरु योजना निर्माण प्रक्रिया अगाडि बढाइने छ ।

५ संघ तथा प्रदेश सरकारसँगको सहकार्यबाट भूमिको प्रकृति, उत्पादनशीलता प्राकृतिक तथा वातावणीय अनुकुलताको आधारमा कृषि क्षेत्रको विविधीकरण, व्यवसायीकरण र आधुनिकीकरणका कार्यक्रमलाई विशेष जोड दिइने छ ।

"नगर प्रमुख वातावरण मैत्री कृषि वडा नमुना कार्यक्रम थालनी गरी प्राङ्गारिक कृषि तरकारी, माछा, मासु, आलु, दुग्धजन्य पदार्थ तथा फलफूलका क्षेत्रमा स्थानीयको माग बमोजिम उत्पादन वृद्धि गरी खाद्यान्नमा आत्मनिर्भर हुने नीति लिइने छ । अर्गानिक खेतीको आत्मनिर्भर हुने नीति लिइने छ । अर्गानिक खेतीको नगरपालिकारुपमा विकसित गरी किसानको क्षमता वृद्धिका लागि कृषि तालिम कृषि प्रसार सेवामा पँहुच उच्चस्तरको बीउ, सिंचाइ, पोषक तत्व र कृषिको उत्पादकत्व वढाउन वित्तीय उत्प्रेरणका कार्यक्रमहरु बनाइने छ ।

अर्गानिक खेतीको प्रचार प्रसार र पुराना खेतीहरु कोदो, मकै र पुराना धानहरुको खोजी अनुसन्धान गर्दै आधुनिक खेती प्रणाली र नगदेवालीको प्रवर्धनमा विशेष जोड दिने नगरपालिकाको कृषि नीति रहेको छ । जसबाट नगरपालिका खाद्यान्नमा आत्मनिर्भर बन्न सक्नेछ ।

६ सिंचाई, खानेपानी, गोरेटो बाटाहरुको पनि आवश्यकता पहिचान गरेर थप व्यवस्थित गर्न नगरपालिका लागि पर्नेछ । विद्यालयहरुको मर्मत संभार, गृहविहिनहरुको तथ्याङ्क सङ्कलन, गरीवीको रेखामुनी रहेका मानिसहरुको वास्तविक पहिचान, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरुको खोजी र दीर्घ र खर्चिला (मृगौला, क्यान्सर, कलेजो र मुटु ) रोगहरुवाट पीडित मानिसहरुलाई सरल ढङ्गले उपचारको खोजी र सहयोगको वातावरण निर्माण गरिने छ । समाजमा पछाडी परेका पारिएका जाति र समुदाय, महिला, एकल महिला, अपाङ्ग, वालवालिकाको हक हितको संरक्षण र संवर्धन गरिने छ ।

७ नगरपालिकालाई सरसफाइ र सुन्दरता युक्त बनाउन "सुन्दर गाँउ टोल अभियान" का माध्यमबाट प्रत्येक घरलाई पुरस्कार प्राप्त गर्न क्रियाशिल वनाईने छ । यसै गरेर विद्यालयहरुलाई पनि "मनग्य सिकाइ शान्त सुन्दर विद्यालय" को अभियानबाट प्रतिस्पर्धी गराइने छ । वातावरण मैत्री विकास निर्माणका काममा पनि वडा/वडा बीचको तुलना र मुल्याङ्कन गरी पुरस्कृत गरिने छ । मदिरा जस्ता लागु पदार्थबाट जनस्वास्थ्य र जनहितमा असर पर्न नदिन चेतनामूलक र व्यावहारिक क्रियाकलापहरु गरिने छन् । नगरपालिकालाई नमुना नगरपालिका, सुन्दर नगरपालिका बनाउन विकास वचाउ अभियान संचालन गराउन जनप्रतिनिधिहरु कर्मचारीहरु राजनीतिक पार्टीका नेता तथा कार्यकर्ताहरु आम नागरिकहरु जुट्नुपर्ने आग्रह र जुट्ने प्रतविद्धता व्यक्त गर्न चाहन्छु ।

८ राज्यको स्वरुप तीन तहको रहने गरी नेपालको संविधान २०७२ ले निर्धारण गरे पश्चात संघीयता कार्यान्वयनको चरणमा विभिन्न ७५३ वटा स्थानीय तहको स्थापना भएको छ । स्थानीय तहलाई जनप्रतिनिधिमूलक भइ एक कार्यकाल काम समेत गरी स्थानीय सरकार संचालन ऐन २०७४ वमोजिम संचालीत छ । नगरवासीले उच्च विश्वासका साथ निर्वाचित गराई नगर विकासको साँचो यस निर्वाचित प्रतिनिधिहरुको हातमा सुम्पनुभएकोमा जनमतको उच्च सम्मान गर्दै नगरवासीको चाहना अनुरुप कार्यसम्पादन गर्ने प्रतिवद्धता सहित आफ्नो अमूल्य मतसहित समृद्ध ढोरपाटन बनाउने जिम्मा दिन हुने आम नगरवासीलाई धन्यवाद समेत व्यक्त गर्न चाहान्छु ।

९ ढोरपाटन–सालभ्कण्डी राजमार्गलाई आर्थिक र विशेष पर्यटन क्षेत्रको संम्भाव्यतालाई व्यवस्थित गर्न संघ र प्रदेश सँग माग गरिने छ । उक्त बाटोलाई यथासिघ्र कालोपत्रे सहित सम्पन्न गर्नको लागि आवश्यक पहल गरिनेछ ।

१० हाम्रो ध्यान समृद्ध ढोरपाटन नगरको निर्माणमा केन्द्रित भएको छ । नगरपालिकालाई समृद्ध, आधुनिक बनाउनका लागि विभिन्न नीतिगत उद्धघोषहरु सहित कार्यात्मक सुधारमा जोड दिइनेछ ।

११ नगर क्षेत्रको सम्पूर्ण विवरण खुल्ने गरी सडक, खानेपानी, विद्युत, शिक्षाको नमुना गुरु योजना तयार गर्ने नगर गुरुयोजना तयार पारी आगामी वर्षको बजेट तथा योजना तर्जुमा कार्यलाई अझ थप व्यवस्थित बनाइनेछ ।

१२ स्थानीय तह सञ्चालनका लागि आवश्यक विभिन्न नीति, अल्पकालिन तथा दीर्घकालिन योजना तथा कानुनहरुको तर्जुमा गरी नगरपालिकाको कार्यलाई व्यवस्थित बनाइनेछ ।

१३ नेपाल सरकारबाट प्राप्त हुने समानीकरण अनुदान, सशर्त अनुदान, राजस्व बाँडफाँड वापतको रकम समपूरक अनुदान, विशेष अनुदान, वित्तीयहस्तान्तरण, प्राकृतिक स्रोतको रोयल्टी वापतको रकम, आन्तरिक तथा संघीय सरकार वाट प्राप्त हुने ऋण लगायत आन्तरिक श्रोतहरुको प्रभावकारी परिचालन गरिनेछ ।

१४ घर भाडा, व्यवसाय तथा सवारी साधनको लगत तयार गरी करको दायरामा ल्याउनुका साथै नेपाल सरकारका राजश्व संकलन गर्ने निकायहरुसँग सूचना प्रवाह र समन्वयात्मक रुपमा कार्य गरी आन्तरिक स्रोतको प्रवर्द्धन गरिनेछ ।

१५ स्वेच्छिक रुपमा कर तिर्ने मनस्थितिको विकास गर्न सम्बन्धित क्षेत्रबाट उठेको करलाई सम्बन्धित क्षेतको समेत विकासमा आवद्ध गर्नेतर्फ ध्यान दिदै करदाता सम्मानका कार्यक्रम सञ्चालन गरिनेछ ।

१६ अन्तरिक श्रोतहरुको खोजी गर्दै एकिकृत सम्पत्ति कर २०७५ साल श्रावण १ मा लागु गर्ने पूर्वाधारको सिर्जना गरिनेछ ।

१७ सेवा प्रवाहलाई चुस्त, दुरुस्त बनाउन सेवाग्राही पहुँचलाई सरल एवं सहज बनाउन , सूचना प्रवाह, सुचना प्रविधिको प्रयोग, ई–गभर्नेन्सको प्रयोग सेवाग्राही मैत्री संरचना, कामप्रति प्रतिबद्ध कर्मचारी तन्त्रको विकास गरि सुशासनको प्रत्याभुति प्रदान गरिने छ । ढोरपाटन नगरपालिकाले कुनै पनि क्षेत्रमा हुने कुनै पनि स्वरुपको भ्रष्टचारलाई सँहदैन । भ्रष्टाचार गर्ने र गराउने दुवैलाई दण्डित गरिने छ । जुनसुकै क्षेत्रमा हुने भ्रष्टाचारजन्य क्रियाकलापलाई समेत कानुनी दायरामा ल्याउने गरि प्रकृया अगाडी बढाइने छ । गलत कार्य रोक्न सूचना दिने साक्षी संरक्षण गर्ने विधि निर्माण गरिने छ । त्यसका लागि शुसासनयुक्त राज्य प्रणलीको विकास, पारदर्शीताका लागि हरेक चौमासिक सार्वजनिक सुनुवाई गरिने छ ।

१८ योजना बन्ने तर समयमै नहुने प्रवृतिको अन्त्य गरिने छ । योजना कार्यन्वयनका लागि बार्षिक कार्ययोजना बनाइ नतिजा प्राप्तिलाई सुनिश्चित गरिने छ । नीति तर्जुमादेखि कार्यन्वयन सम्मका सवै चरणलाई पारदर्शी जवाफदेही र पुर्वानुमानयोग्य बनाइने छ । अनुगमन र मूल्याङ्कनलाई थप प्रभावकारी बनाइने छ ।

१९ मानव अधिकारको प्रवर्द्धन, मौलिक हक तथा सुशासन विधिको शासन स्थापना गर्ने कार्यदिशा तय गरिने छ ।

२० प्रत्येक वडा कार्यालयहरुलाई पूर्वाधार सम्पन्न बनाई सेवा प्रवाहलाई व्यवस्थित बनाईनेछ ।

२१ नगरपालिका निर्माणका लागि अन्य स्थानीय तहसँग सहकार्य विभिन्न राष्ट्रिय एवं अर्न्राष्ट्रिय नगरपालिकासंग सम्बन्ध स्थापित गरि अघि बढ्नेछ ।

२२ सामाजिक न्याय, सामाजिक समानता, उपलब्ध स्रोत साधनको प्रभावकारी वितरण, विकासको न्यायोचित वितरण, सामाजिक सुरक्षा जस्ता विषयमा विशेष ध्यान दिई कार्यक्रमहरु निर्धारण र संचालन गरिनेछ ।

२३ चालु खर्चको न्युनीकरण गर्दै पुँजीगत खर्चको बढोत्तरी गर्ने, खर्चको प्रभावकारीता र प्रतिफल बढाउने, राजस्वको स्रोतहरु बढाउने, राजस्वको परिचालन गर्ने दिशामा अगाडी बढिनेछ । समृद्ध ढोरपाटन शुखी ढोरपाटन नगरवासीको दीर्घकालीन उद्देश्य प्राप्त गर्ने अठोटलाई आत्मसाथ राखिने छ ।

२४ वैदेशिक रोजगारीबाट प्राप्त रेमिट्यान्सलाई बचततर्फ प्रोत्साहन गरी लगानी प्रबर्द्धन तथा रोजगारी उत्पादन गरी श्रमको बाहिर्गमनलाई रोक्ने प्रयास गरिनेछ ।

२५ सामाजिक सुरक्षा भत्तालाई बैंकिंग प्रणालीबाट वितरण गर्ने कार्यलाई प्राथमिकता दिदैं असक्षमहरुको घरदैलोमा रकम वितरण गर्न बैंकहरुलाई शाखारहित बैंकिंग प्रणाली अपनाउन अनुरोध गरिनेछ । आगमी ५ बर्षभित्र नगरपालिका भित्रका सामाजिक सुरक्षा अन्तर्गतको वृद्ध भत्तालाई रु ५०००/- सम्म पुराउन केन्द्रिय सरकारसंग पहल गरिनेछ ।

२६ कृषि क्षेत्रका विकासका लागि पकेट क्षेत्रहरुको पहिचान, व्यवसायिक खेती, मूल्य अभिवृद्धियुक्त उत्पादन, कृषि प्रणालीलाई व्यापार र उद्योगसंग आबद्ध गर्ने, नगदेवाली खेती एवं उच्च सम्भावनायुक्त फलफुलहरुको खेती सिंचाईको विस्तारमा जोड दिइनेछ । मल, बीउको सहज उपलब्धता, सिंचाई एक वडा एक उत्पादन प्रणालीलाई लागु गरिने छ । कृषिमा यन्त्रिकरणका लागि कृषि औजार, उपकरण र बजारको लागि संकलन केन्द्र स्थापना गरिने छ । साथै कृषिमा परेका समस्याको समाधानका लागि शिविर संचालन, कृषि मेला प्रदर्शनी संचालन गरिने छ ।

२७ कृषि पर्यटन र व्यापारको प्रबर्धन गर्दै स्थानिय पूर्वाधार निर्माणलाई यी क्षेत्रहरुको विकासका लागि सहयोग पुग्ने गरी संचालन गरिनेछ ।

२८ विकासमा जनसहभागिता सुनिश्चतता गरी विकास निर्माणमा जनताको अपनत्व विकास गर्न नगरपालिकाले संचालन गर्ने प्रबर्धनात्मक कार्यक्रम बाहेक अन्य पुँजी निर्माणका कार्यक्रममा उपभोक्ता समितिले नगद एवंश्रम तथा वस्तुगत सहभागितालाई निरन्तरता दिइनेछ । साथै **नगर विकास अभियान** संचालन गरिने छ ।

२९ प्रत्येक नागरिकको स्वास्थ प्रबर्धक, उचित मूल्यमा गुणस्तरिय वस्तु तथा सेवा प्राप्त गर्ने, आफूले खरिद गरेको वस्तु तथा सेवाको पुर्ण जानकारी प्राप्त गर्ने लगायतका व्यवस्थाका लागि बजारको अनुगमन तथा उपभोक्ता हितको संरक्षण गर्ने कार्यलाई तिव्रता दिइनेछ ।

३० उच्च संभावनायुक्त प्राकृतिक स्थानहरुको पर्यटन पूर्वाधारहरुको विकास गरी पर्यटन एवं व्यवसायिक क्षेत्रलाई आबद्ध गरी सार्वजनिक निजी क्षेत्रको सहकार्यात्मक सम्बन्ध विकास गर्दै आन्तरिक पर्यटनलाई प्रोत्साहन गरिनेछ ।

३१ अवैज्ञानिक भू उपयोगलाई नियन्त्रण गर्न प्राकृतिक स्रोत साधनको संरक्षण एवं उपयोगका लागि समग्र नगर क्षेत्रका वातावरणीय अध्ययन तथा पहिरो नियन्त्रणका लाीग कार्यक्रम, वातावरणीय व्यवस्थापन र जलवायु परिवर्तन अनुकुलनका कार्यक्रमहरु संचालन गरिनेछ।

३२ उर्जा सुरक्षालाई ध्यान दिई विद्युतको नियमित आपूर्तिका लागि पहल एवं वैकल्पिक उर्जा प्रवर्धन, सडक सौर्यबत्ती जडान गर्ने कार्यक्रममा जोड दिइनेछ ।

३३ नगरको विपद् व्यवस्थापन योजना अनुसार राहत, तालिम, विपद नक्सांकन, उद्धार सामग्रीको व्यवस्थापन, आपतकालीन कार्य सञ्चालन लगायतका कार्य सञ्चालन गरिनेछ । साथै आगमी ५ वर्ष भित्रमा यस न.पा. भित्रका सम्पूर्ण खरका झुपडीहरुलाई जस्तापाताले छाउनका लागि प्रभावकारी योजना ल्याइने छ । साथै यस नगरपालिका भित्र विपद् व्यवस्थापनको लागि **नगर प्रमुख राहत कोष** खडा गरिनेछ ।

३४ सबैका लागि स्वच्छ खानेपानी उपलब्ध गराउने गरी खानेपानी तथा सरसफाईका कार्यक्रम सञ्चालन गरिनेछ ।

३५ ढोरपाटन नगरपालिका क्षेत्रका शहरहरुमा शहरी सुन्दरता प्रबर्धनका लागि वित्तीय संस्थाहरुको सहयोग र समन्वयमा समेत बगैंचा एवं पार्क निर्माण, शहरी वृक्षारोपण र विश्राम स्थलहरुको निर्माण गरिनेछ ।

३६ सांस्कृतिक सम्पदाहरुको संरक्षणका लागि संस्कृतिको प्रबर्धनात्मक तथा विकास सम्बन्धी क्रियाकलापलाई निरन्तरता दिइनेछ ।

३७ आर्थिक एवं सामाजिक रुपले विपन्न बर्गको संरक्षण र हितका लागि क्षमता विकास कार्यक्रम, सामाजिक समावेशीकरण तथा लैंगिक समानता जस्ता कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

३८ सफा र स्वच्छ तथा हरियाली ढोरपाटनका लागि सरसफाइ र सामाजिक स्थलमा शहरी सौन्दर्य अभिवृद्धि गर्न वृक्षरोपण गरी स्वच्छ वातावरण स्वस्थ जीवनउपयोगीतालाई प्राथमिकता दिइने छ । फोहोर व्यवश्थापनका लागि निजी तथा गैरसरकारी क्षेत्रसंगको सहकार्यमा जोडदिई जैविक एवं अजैविक फोहोर छुट्याउने व्यवस्थित डम्पिङ साइटको निर्माण एवं प्लाष्टिकजन्य पदार्थको प्रयोगमा नियमन र दुरुत्साहन क्रियाकलापमा जोड दिइने छ । व्यवस्थित डम्पिङ् साइटको निर्माण जस्ता क्रियाकलापमा जोड दिइनेछ ।

३९ निःशुल्क आधारभूत स्वास्थ्य सेवा प्रदान गरी स्वास्थ्य सेवालाई गुणस्तरीय तथा सर्वसाधारणको पहुँचयोग्य बनाउन प्रयास गरिन्छ । स्वास्थ्य बीमा कार्यक्रमलाई प्रोत्साहन गरि यसै आ.व. मा लक्षित समुदायका २०० जना सम्म लाई निशुल्क स्वास्थ्य बीमा गराइनेछ साथै गुणस्तरीय स्वास्थ्य सेवाका लागि अनुगमनमा जोड दिइनेछ । सुरक्षित मातृत्व सेवालाई गुणस्तरिय बनाई संस्थागत प्रसुति सेवा बढाउने तथा शल्यक्रियाद्धारा हुने प्रसुति सेवाको निरन्तरतामा जोड दिइने छ । आपतकालीन स्वास्थ्य सेवा प्रवाहको लागि आवश्यक संयन्त्र तथा कोषको व्यवस्थापन गरिने छ । नसर्ने रोगहरुको व्यवश्थापनका लागि प्रवर्धनात्मक कार्यक्रममा जोड दिइने छ । वुर्तिवाङ प्राथमिक स्वास्थ्य केन्द्रलाई अस्पतालमा स्तरोन्नति गरि गुणस्तरिय सेवा प्रदान गर्न आवश्यक भौतिक, उपकरण व्यवस्थापन तथा उचित जनशक्ति व्यवस्थापनमा जोड दिइने छ ।

४० मदिरा तथा सुर्तिजन्य वस्तुको प्रयोग तथा विक्री वितरणलाई नियमन गरिनेछ । लागु पदार्थ दुर्व्यसनलाई नियन्त्रण र सचेतानमुलक कार्यक्रमको लागि पहल गरिनेछ ।

४१ ढोरपाटन समृद्धिका लागि वन कार्यक्रम, वैज्ञानकि बन व्यवस्थापन, वन पैदावर व्यवस्थापन, वृक्षारोपण र वन्यजन्तु सुरक्षाका लागि सम्बन्धित निकायसंग सहकार्य गरिनेछ । आर्थिक रुपले महत्वपूर्ण जडिवुटी, कृषि वन तथा गैर कृषि वन पैदावारको व्यवसायिक खेती र उत्पादन वृद्धिलाई प्रोत्साहन गरिने छ । जडिवुटी प्रसोधन केन्द्र स्थापनालाई प्राथमिकता दिइने छ ।

४२ अपांगता भएका व्यक्तिको संरक्षण, बालबालिकाको विकासका लागि बालमैत्री, जेष्ठ नागरिकको सम्मान, एकल महिला, दलित उत्थान, स्थानिय जनजातिका लोक संस्कृतिको संरक्षण र पुरस्कृतको  व्यवस्था जस्ता कार्यक्रम संचालन गरिनेछ । साथै यस नगरपालिका भित्रका सुकुम्बासीहरुको पहिचान गरी व्यवस्थापन गरिनेछ ।

४३ खेल प्रतियोगिता र खेल प्रतिभा पहिचानलाई प्रोत्साहन गर्नुका साथै खेल पूर्वाधार निर्माण सम्बन्धी कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ । साथै यस नगरपालिकाभित्र बुर्तिबाङमा राष्ट्रिय स्तरको खेलकुद प्रतियोगिता संचालन गर्न तर्फ आवश्यक पहलकदमीका साथ व्यवस्थापनमा विशेष ध्यान दिइनेछ ।

४४ नगर सुरक्षाका लागि एकीकृत रुपमा गर्नुपर्ने कार्यहरुको पहिचान गरी नगर सुरक्षा योजना निर्माण गरिनेछ । आ.व. २०७५/०७६ बाट नै नगर प्रहरीको व्यवस्था गरि सार्वजनिक सम्पत्तिको सुरक्षा र संरक्षण गरिने छ । साथै बजार अनुगमन तथा कालोबजारी नियन्त्रणको लागि प्रभावकारी योजना अगाडी बढाइनेछ ।

४५ यसै नगरसभाबाट एफ.एम. सञ्चालन ऐन पारित गरि सूचना तथा संचारका माध्यमका संचालकहरु सित समन्वय गरि व्यवस्थित गरिने छ । आफ्नो अधिकार क्षेत्रभित्र रही सूचना तथा सञ्चार क्षेत्रलाई व्यवस्थित बनाउनका लागि आवश्यक पहल कदमी गरिनेछ ।

४६ सार्वजनिक प्रशासनयन्त्रलाई चुस्त प्रविधिमैत्री बनाउँदै सक्षम, सुशासनयुक्त, सेवाग्राही मैत्री, दुरुस्त कार्यसम्पादनको अवधारणालाई लागु गरिनेछ । संगठन तथा व्यवस्थापन सर्भेक्षण गरी आवश्यक जनशक्तिको पहिचान गरिनेछ ।

४७ न्यायिक अधिकारको सन्तुलित प्रयोगको साथै मेलमिलापको सिद्धान्तमा जोड दिइनेछ । साथै यस नगरपालिका भित्र बाल विवाह, बहु विवाह, सामाजिक विकृति र विसङगति विरुद्ध प्रभावकारी ऐन नियम निर्माण गरी लागु गरिनेछ ।

४८ नगर क्षेत्रका सार्वजनिक जग्गाहरुको खोजी र सार्वजनिक जग्गाहरुमा भएको उपयोग, संरक्षण र निरुत्साहन गर्न प्रभावकारी क्रियाकलाप सञ्चालन गरिनेछ ।

४९ ढोरपाटन क्षेत्रका कला तथा महत्वपूर्ण नदी तथा ताल तलैयाको जलाधार क्षेत्र संरक्षणका लागि एकिकृत जलाधार संरक्षण कार्यक्रम संचालन गरिने छ । साथै ढोरपाटन नगरपालिकामा अवस्थित प्रस्तावित अर्नाकोट एयरपोर्ट निर्माण  र ढोरपाटनको हवाई मार्गको लागि प्रदेश र केन्द्रिय सरकारको सहयोगमा निकट भविष्यमा पूर्वाधार निर्माण गरी संचालनको लागि आवश्यक कार्यक्रमहरु अगाडी बढाइने छ ।

५० सबै वडामा वडास्तरिय खेल मैदान निर्माण गरिने छ । यो आःव मा केन्द्र वा आसपास वडामा सम्भाव्यता अध्ययन गरी निर्माण गर्ने निति लिइनेछ ।

५१ सम्पुर्ण जाति, लिंग वर्ग अल्पसंख्यक मुस्लिम लगायत सम्पुर्ण समुदायमा जातिय तथा सामाजिक सद्भाव कायम राख्दै सुन्दर ढोरपाटन निर्माणमा जोड दिइनेछ ।

५२ स्वास्थ्य व्यक्तिको स्वास्थ्य रक्षा तथा रोगी व्यक्तिहरुको लागि रोग निको पार्न (नसर्ने रोग व्यवस्थापन तथा स्वास्थ्य रक्षाको निमित्त) आयुर्वेद सेवा, योग, पुर्वकर्म, पंचकर्ममा विशेष जोड दिइने छ ।

५३ पशु स्वास्थ्य कार्यक्रमका लागि निरन्तर पशु औषधी उपचारको व्यवस्था तथा नश्ल सुधार कार्यक्रमलाई प्रभावकारी संचालन गरिने छ र ढोरपाटन नगरपालिकाको दुर्गम वडामा पशु स्वास्थ्य शिविर संचालन गरिने छ । दुग्ध उत्पादन वृद्धिको लागि १ वर्षे वहुवर्षे उन्नत जातका घाँस खेतीलाई प्राथमिकताका साथ कृषकहरुलाई उपलब्ध गराइने छ । पशुजन्य उत्पादित पदार्थलाई बजारीकरणका लागि डेरी पसल तथा फ्रेस हाउस र बधशाला निर्माणको पुर्वाधार तयार पारिने छ । व्यवसायिक पशुपालक कृषकको पशुधनमा हुने क्षतिबाट बच्नको लागि पशुपन्छी बिमा कार्यक्रमको साथै व्यवसायिक अनुदान कार्यक्रम संचालन गरिने छ । पशुपालन कृषकको लागि व्यवसाय उन्मुख तालिम, गोष्ठी संचालन गरि सिप विकासमा टेवा पुर्याउने छ ।

५४ शिक्षाको गुणस्तर वृद्धिका साथै प्राथमिक तहमा २८ विद्यालय, निमावि तहमा ८ विद्यालय र मावि तहमा ३ वटा विद्यालय छनौट गरि प्रति विद्यालय १/१ जनाका दरले करारमा शिक्षक नियुक्ति गर्ने व्यवस्था गरिने छ । निसीभुजी जनता क्याम्पस र उत्तरगंगा मा.वि. लाई भौतिक पुर्वाधार सम्पन्न गर्नको लागि विशेष पहल गरिने छ । साथै बाल कक्षा र सामुदायिक सिकाइ केन्द्रहरुको अध्ययन पश्चात नया स्थापनाका लागि पहल गरिने छ । शिक्षासंग सम्बन्धित सबै विकृति र विसङगतीहरु हटाई आवश्यक ऐन नियम निर्माण गरी प्रभावकारी ढंगले कार्यान्वयन गरिनेछ ।

५५ यसै आ.व. को श्रावण १ देखि यस नगरपालिकाबाट नक्सा पास गरेर मात्र भवन निर्माण गर्न अनुमतिका लागि आवश्यक निर्देशिका तथा स्विकृतिका आधारहरु तयार पारी कायान्वयनमा ल्याइने छ ।

५६ वित्तिय साक्षरता अभियानको अगाडी बढाइने र यस कार्यमा वित्तिय संस्थाहरुको समन्वय र सहयोगमा कार्यक्रममा सञ्चालन हुने छन् ।

५७ ढोरपाटन नगरपालिकामा खनिएका बाटोलाई नामाकरण गरी बाटोको नाम सहित कित्ता काट गरिने कार्यलाई अगाडी बढाइनेछ र बाटोको मापदण्ड तोकिने छ ।

५८ ढोरपाटन नगरपालिका र वुर्तिवाङमा सञ्चालित वित्तिय संस्थाहरुको संयुक्त लगानी ढोरपाटन नगरपालिका पाखाथर तल्लो चौरमा कटेज सहितको पार्क निर्माण गरिने छ ।

५९ विद्युत समस्याको समाधान गर्न तत्काल केन्द्रिय प्रशारण विद्युत लाइन ल्याउन सम्बन्धित निकायमा पहल गरि १ बर्ष भित्र ढोरपाटन नगरपालिकामा विद्युतिय लाइन जोड्न पहल गरिनेछ र नगरपालिकाको आफ्नै लगानीमा शेरामा ५०० किलोवाट सम्मको विद्युत उत्पादन गरी वुर्तिवाङ बजारको विद्युत समस्यालाई स्थायी समाधान गरिनेछ । साथै आगामी ३ बर्ष भित्रमा प्रदेश तथा केन्द्रिय सरकार एवं अन्य निकायहरुको सहयोग र समन्वयमा नगरपालिकाको आफ्नै भवन निर्माण गरिनेछ ।

६० ढोरपाटन क्षेत्रमा नै उल्लेखिय कृषि पकेट एरियाको रुपमा रहेका शेरा फाँट लगायतका अन्य क्षेत्रमा जग्गा चक्लाबन्दी ( प्लटिङ) लाई रोकी कृषि पकेट एरिया घोषणा गरी व्यवस्थापन गरिनेछ ।

६१ वुर्तिवाङ बजारको खानेपानी समस्यालाई दृष्टिगत गरी १ बर्ष भित्र नगरपालिकाकै लगानीमा भएपनि खानेपानी समस्यालाई समाधान गरिनेछ । साथै नगरपालिका स्तरिय ९ वटै वडामा शुद्ध खानेपानीको व्यवस्था गरिनेछ ।

६२ नेपालको राष्ट्रिय गौरवलाई माथि उठाउने आयोजनाको रुपमा उत्तरगंगा जलाशय युक्त जलविद्युत आयोजनालाई हर तरहबाट सफल बनाउन जनचेतना लगायतका संघ ीय सरकारसंग ससक्त पहल कदमी गरिनेछ ।

६३ हाल संचालनमा रहेको वुर्तिवाङ नयाँ सहर आयोजनाको कार्यक्षेत्र १, २ र ३ वडामा मात्र सिमित रहेकोमा नगरपालिकाको ९ वटै वडामा कार्यक्षेत्र विस्तार गर्नको लागि सम्बन्धित निकायमा आवश्यक पहल कदमी अगाडी बढाइनेछ । साथै नगर कार्यपालिका र नयाँ सहर आयोजना बिचमा सहकार्य र समन्वय गरी कार्यक्रमहरु अगाडी बढाइनेछ ।

६४ ढोरपाटन उपत्यकामा निजी स्तर पार्क सहित सुविधा सम्पन्न तिन तारे होटल तथा पार्क र भ्यू टावर निर्माण गरी २५ वर्ष पछि नगरपालिकालाई नै सम्पूर्ण भौतिक संरचना फिर्ता गर्ने गरि जग्गा छुट्याई सार्वजनिक रुपमा उक्त कार्य अगाडी बढाउन प्रकृया शुरु गरिने छ । आवश्यक सहजीकरण केन्द्र सरकारसंग गरिनेछ । आरक्षबाट प्राप्त हुने राजस्वको ४० प्रतिशत स्थानिय सरकारमा समेत प्राप्त हुने गरि केन्द्र सरकारसंग पहल गरिने छ । साथै अर्नाकोट, सोरबाङ र खुगांको देउराली डाँडामा भ्यु टावर निर्माणको लागि आवश्यक पहलका साथ अध्ययनको लागी वजेट विनियोजन गरिनेछ ।

६५ ढोरपाटनको पाखाथर, स्यालपाखे, तल्लोचौर, काङ्ग, भुजी, मस र नवीलाई आलु पकेट क्षेत्र घोषणा गरी विशेष अनुदान दिने व्यवस्था मिलाइनेछ । साथै वार्षिक ७ क्विन्टल कोदो र ३ क्विन्टल फापर उत्पादन गर्ने कृषकलाई सम्मानको कार्यक्रम गरिनेछ ।

६६ ढोरपाटन नगरपालिकाको वढा नं. २ को सिमलचौर, वडा नं. ३ को घोसाखानी, वडा नं. ५ को मस्ती, वडा नं. ७ को बोवाङ, वडा नं. ८ को शेराबाङ, वडा नं. ९ को पाखाथर भुजीमा एकीकृत बस्ती विकास प्रयोजनको लागि अध्ययन कार्य अगाडी बढाई सो तर्फ व्यवस्थापन गरिनेछ ।

६७ वुर्तिवाङ बजारको फुर्से पैरादेखि चुरेलाबाँस सम्म, शेरा देखि पुलचोक हुदैं चुरेलाबाँस सम्म व्यवस्थित र वृहद तटबन्धनको व्यवस्थाको लागि विशेष पहल गरिनेछ ।

६८. बुर्तिबाङ अर्नाकोट र बुर्तिबाङ घोसाखानी कालापोल सम्म केबलकार निर्माणका लागि सम्भाव्यता अध्ययन गरिने छ र अर्नाकोट, सुब्जागाउँमा पर्यटन विकास र होमस्टे निर्माण तथा विकासका लागि विशेष पहल गरिने छ ।

६९. ढोरपाटन काङ्ग हुदै जलपाताल पर्यटकीय पैदल मार्ग विकासका लागि संभाव्यता अध्ययन गरिने छ ।

अन्तमा ढोरपाटन नगरपालिका समृद्धिको यात्रातर्फ अग्रसर गराउन योगदान पुऱ्याउन हुन राजनैतिक दलहरुप्रति हार्दिक आभार प्रकट गर्दछु । ढोरपाटन नगरपालिकाको समस्त अर्थिक सामाजिक विकासमा आ आफ्नो क्षेत्रवाट भूमिका निर्वाह गर्ने राष्ट्रसेवक कर्मचारी, सुरक्षाकर्मी, निजी तथा सहकारी क्षेत्र, नागरिक समाज, वुद्धिजिवी, आम सञ्चार जगत तथा सम्पुर्ण ढोरपाटन नगरपालिकावासीलाई धन्यवाद दिन चाहन्छु । साथै ढोरपाटन नगरपालिकाको विकास प्रयासमा सहयोग पुऱ्याउने रष्ट्रिय अन्तरष्ट्रिय संघ संस्था तथा ढोरपाटन नगरपालिका विकासका साझेदारहरु सबैलाई धन्यवाद दिन चाहन्छु ।

**धन्यवाद ।**

## ढोरपाटन नगरपालिकाको बजेट (आर्थिक वर्ष २०७५।०७६)

| क.स | | वडा नं. १ | | |
|---|---|---|---|---|
| १ | खानेपानी | भवरेटा पिपलबोट पानी ट्याङकी १०००० लि | वडा नं. १ | ५००००० |
| २ | खानेपानी | रातामाटा घमसिङ पानी टयांकी २०००० लि | वडा नं. १ | ५००००० |
| ३ | खानेपानी | पोखरेधारा खानेपानी ब्यबस्थापन | वडा नं. १ | २००००० |
| ४ | खानेपानी | भवरेटा सम्पुर्ण खानेपानी मुल तथा सञ्चालन ब्यबस्थापन | वडा नं. १ | १६००००० |
| ५ | खानेपानी | सानो पधेराको पानी  ब्यबस्थापन | वडा नं. १ | २००००० |
| ६ | खानेपानी | बुर्तिबाङ चुरेलावास साविक खानेपानी मर्मत | वडा नं. १ | ३००००० |
| ७ | सडक | खप्तरीबाङ गंगा प्रा.वि माथिको बाटो निर्माण | वडा नं. १ | १००००० |
| ८ | सडक | झिङगलबारी मोटरबाटो निर्माण | वडा नं. १ | २००००० |
| ९ | भवन | गंगा प्राविमा फर्निचर तथा बालशिक्षा भवन मर्मत | वडा नं. १ | ३००००० |
| १० | अन्य भौतिक पुर्वाधार | सरस्वती प्रा.विको ग्राउण्डमा मेसोनरी पर्खाल निर्माण | वडा नं. १ | २००००० |
| ११ | तटबन्धन | खारखेतमाथि चौडिल्ना खेतमा तटबन्धन | वडा नं. १ | ३००००० |
| १२ | विधुत | सोरबोट घमसिङ तुलसी नगर पोखरेधारा भवरेटा ३ फेस लाइन र पोल ब्यबस्थापन | वडा नं. १ | ५००००० |
| १३ | अन्य भौतिक पुर्वाधार | कालिका मन्दिरको घेराबार पर्खाल र गजुर निर्माण | वडा नं. १ | १५०००० |
| १४ | अन्य भौतिक पुर्वाधार | भगवती मन्दिर घेरावार निर्माण | वडा नं. १ | १५०००० |
| १५ | अन्य भौतिक पुर्वाधार | खेलमैदान निर्माण (भव्रेटा) | वडा नं. १ | १००००० |
| १६ | भवन | चुरेलावास सवदाहन गृह निर्माण | वडा नं. १ | २५०००० |
| १७ | भवन | सामुदायिक भवन निर्माण भवरेटा | वडा नं. १ | ५००००० |
| १८ | भवन | ब्रहमकुमारी इश्वरीय विश्वबिद्यालय | वडा नं. १ | २००००० |
| १९ | अन्य भौतिक पुर्वाधार | मुस्लिम विद्यालय व्यवस्थापन | वडा नं. १ | २००००० |
| २० | अन्य भौतिक पुर्वाधार | चुरेलावास जाने गोरेटो बाटोमा ग्याविन भर्ने काम | वडा नं. १ | १५०००० |
| २१ | शिक्षक व्यवस्थापन | उत्तर गंगा माध्यमिक विद्यालय बुर्तिबाङ शिक्षक तलव भत्ता | वडा नं. १ | २०८,००० |

| | | | | |
|---|---|---|---|---|
| २२ | शिक्षक व्यवस्थापन | सरस्वती प्रा.वि भवरेटा | वडा नं. १ | १०४,००० |
| **जम्मा** | | | | **६९१२०००** |
| | | | | |

## ढोरपाटन नगरपालिकाको बजेट (आर्थिक बर्ष-२०७५/०७६)

| क.स | | **वडा नं. २** | | |
|---|---|---|---|---|
| १ | भवन | जनजागृति आधारभुत विद्यालय भवन निर्माण | वडा नं. २ | २०००००० |
| २ | खानेपानी | भ्यालखर्क खानेपानी व्यवस्थापन (पाइप खरिद गर्ने) | वडा नं. २ | ४००००० |
| ३ | सिचांई | रिनामबेसी सिंचाई मर्मत | वडा नं. २ | ६००००० |
| ४ | सिचांई | चोर लाउनी सिंचाई मर्मत | वडा नं. २ | २००००० |
| ५ | सडक | कुथाप्ला गादीना, सलामकोट मोटरबाटो | वडा नं. २ | ४००००० |
| ६ | सडक | तारीखेत चोक देखि बर्माली चोक सम्मको सडक स्तरोन्नती | वडा नं. २ | ४५०००० |
| ७ | भवन | दलित भवन खल्बाङको भवन निर्माणको पुर्णता | वडा नं. २ | २००००० |
| ८ | सडक | वडाका सम्पुर्ण ग्रामीण सडक सफाई तथा विस्तार | वडा नं. २ | १४००००० |
| ९ | सडक | रोटेपानी देखि माइथान जोड्ने सडक निर्माण | वडा नं. २ | २००००० |
| १० | अन्य भौतिक पुर्वाधार | धर्मशाला टोल इन्टरनेट विस्तार कार्यक्रम | वडा नं. २ | १००००० |
| ११ | सडक | सलामकोट देखि सम्सानघाट सम्म गोरेटो बाटो निर्माण | वडा नं. २ | १५०००० |
| १२ | भवन | खलबाङ महिला भवन निर्माण | वडा नं. २ | ५००००० |
| १३ | खानेपानी | खत्री पधेंरा खानेपानी व्यवस्थापन | वडा नं. २ | ७०००० |
| १४ | खानेपानी | सेरा सम्सानघाटमा खानेपानी निर्माण | वडा नं. २ | ३०००० |
| १५ | शिक्षक व्यवस्थापन | सिमलचौर प्रावी सिमलचौर | वडा नं. २ | १०४००० |
| १६ | शिक्षक व्यवस्थापन | जनजागृती आ.बि कुत्थाप्ला | वडा नं. २ | ३४४००० |
| १७ | शिक्षक व्यवस्थापन | अर्नाकोट आ.वि खलबाङ | वडा नं. २ | ३९०००० |

| | | | | |
|---|---|---|---|---|
| १८ | शिक्षक व्यवस्थापन | जनचेतना प्रा.वि सलामकोट | वडा नं. २ | १०४,००० |
| १९ | बाल विकास केन्द्र व्यवस्थापन | परिवर्तनशील बाल विकास केन्द्र, | वडा नं. २ | १००,००० |
| २० | | | | |
| **जम्मा** | | | | ७७४२००० |

## ढोरपाटन नगरपालिकाको बजेट (आर्थिक बर्ष-२०७५/०७६)

| क.स | | **वडा नं. ३** | | |
|---|---|---|---|---|
| १ | सडक | उपल्लोघोसा देखि नाथुरी मोटरबाटो निर्माण | वडा नं. ३ | ७००००० |
| २ | सडक | सामास्कुल देखि गुजा जोड्ने मोटरबाटो निर्माण | वडा नं. ३ | ६५०००० |
| ३ | सडक | रिठाबोट देखि सामा जोडुने मोटरबाटो | वडा नं. ३ | ५००००० |
| ४ | सडक | बाघखोर देखि पुर्कोट जोड्ने मोटरबाटो | वडा नं. ३ | ५००००० |
| ५ | सडक | मुर्छा देखि धोर्जे जोड्ने मोटरबाटो | वडा नं. ३ | ५००००० |
| ६ | भवन | घोसाखानी आ.वि शौचालय निर्माण | वडा नं. ३ | ४५०००० |
| ७ | भवन | जनकल्याण आ.वि. शौचालय निर्माण | वडा नं. ३ | ४५०००० |
| ८ | तटबन्धन | सिद्रुङ तटबन्धन निर्माण | वडा नं. ३ | १५०००० |
| ९ | तटबन्धन | घाँदुर हुन्द्राफेदी तटबन्धन | वडा नं. ३ | १००००० |
| १० | तटबन्धन | पुर्कोट देउराली तटबन्धन | वडा नं. ३ | ३००००० |
| ११ | सडक | तल्ला घोसा देखि हुन्द्राफेदी सम्म घोरेटो | वडा नं. ३ | १२०००० |
| १२ | खानेपानी | उपल्लो घोसा पमपिङ खानेपानी निर्माण | वडा नं. ३ | १५०००० |
| १३ | खानेपानी | नयथरी उर्लेनी खानेपानी मर्मत | वडा नं. ३ | ८०००० |
| १४ | खानेपानी | बगर बस्तीलाई खानेपानी निर्माण | वडा नं. ३ | २००००० |
| १५ | सिचांई | टारीखेत सिँचाइ योजना | वडा नं. ३ | २००००० |
| १६ | अन्य भौतिक पुर्वाधार | घोसाखानी आघ्यारभुत विद्यालयमा रेलिङको व्यवस्था | वडा नं. ३ | २०००० |
| १७ | भवन | घोसाखानी दलित भवन शौचालय निर्माण तथा मर्मत | वडा नं. ३ | २००००० |

| | | | | |
|---|---|---|---|---|
| १८ | भवन | तल्लो घोसा सामुदायिक भवन शौचालय तथा घारा निर्माण | वडा नं. ३ | १००००० |
| १९ | अन्य कार्यक्रम | पर्यटकिय अध्ययन अनुसन्धान भ्रमण कार्यक्रम | वडा नं. ३ | १००००० |
| २० | अन्य कार्यक्रम | वडा स्तरीय कृषि तथा पशु विकास कार्यक्रम | वडा नं. ३ | १००००० |
| २१ | अन्य कार्यक्रम | सचेतना कार्यक्रम | वडा नं. ३ | २००००० |
| २२ | अन्य कार्यक्रम | विपद व्यबस्थापन | वडा नं. ३ | २००००० |
| २३ | भवन | पुर्कोट आमा समुह भवन निर्माण | वडा नं. ३ | ५००००० |
| २४ | सिचांई | भाङगी खोला देखी तारी सिचाइ | वडा नं. ३ | २००००० |
| २५ | सिचांई | भलायबोट सिंचाई पाइप खरिद | वडा नं. ३ | १००००० |
| २६ | शिक्षक व्यवस्थापन | घोसाखानी आ.वि घोसाखानी शिक्षक व्यवस्थापन | वडा नं. ३ | ४९४००० |
| २७ | शिक्षक व्यवस्थापन | देउराली प्रा.वि पुर्कोट | वडा नं. ३ | १०४००० |
| २८ | शिक्षक व्यवस्थापन | जनकल्याण आ.वि. सामा | वडा नं. ३ | ३९०००० |
| २९ | बाल विकास केन्द्र व्यवस्थापन | देउराली बाल विकास केन्द्र | वडा नं. ३ | १००००० |
| ३० | | | | |
| **जम्मा** | | | | **७८५८०००** |

**ढोरपाटन नगरपालिकाको बजेट (आर्थिक बर्ष-२०७५/०७६)**

| क.स | | **वडा नं. ४** | | |
|---|---|---|---|---|
| १ | विधुत | भालिवाङ खोला दोश्रो ल.ज.वि. योजना | वडा नं. ४ | ३५००००० |
| २ | सडक | हुन्द्राफेदी, धाईवाङ, छोरेगाँउ, खुंगा सडक मर्मत | वडा नं. ४ | ७००००० |
| ३ | विधुत | लुकुरबन खोला लघु जलविद्यत परियोजना मर्मत वडा | वडा नं. ४ | ५००००० |
| ४ | खानेपानी | उपल्लो सोरवाङ खाल्टेचौर धाराखोरे खानेपानी मर्मत | वडा नं. ४ | ५००००० |
| ५ | तटबन्धन | हिमालय आधारभुत विद्यालय तटबन्धन | वडा नं. ४ | ६००००० |

| | | | | |
|---|---|---|---|---|
| ६ | सडक | धाइवाङ, लुकुरवन, धिरी, फलामखानी सडक स्तरोन्नती | वडा नं. ४ | १५००००० |
| ७ | सडक | छोरेगाँउ, सोर्वाङ, तोसबाङ, थुमखर्क सडक मर्मत | वडा नं. ४ | ३००००० |
| ८ | अन्य पुर्वाधार | धिरी आधारभुत विद्यालय फर्निचर निर्माण | वडा नं. ४ | ३००००० |
| ९ | खानेपानी | हुन्द्र धाइवाङ खानेपानी मर्मत | वडा नं. ४ | २००००० |
| १० | भवन | देउराली वालविकास केन्द्र शौचालन निर्माण | वडा नं. ४ | २००००० |
| १२ | भवन | सार्वाङ प्रा.वि भवन निर्माण | वडा नं. ४ | ५००००० |
| १३ | शिक्षक व्यवस्थापन | धिरी आधारभुत विद्यालय, धिरी | वडा नं. ४ | ३९०००० |
| १४ | शिक्षक व्यवस्थापन | छोरेगाँउ मा.वि छोरेगाँउ, खुंगा | वडा नं. ४ | १३०००० |
| १५ | शिक्षक व्यवस्थापन | दिपक प्रा.वि खुंगा | वडा नं. ४ | १०४००० |
| १६ | शिक्षक व्यवस्थापन | हिमालय आधारभुत विद्यालय लुकुरवन | वडा नं. ४ | २३४००० |
| १७ | शिक्षक व्यवस्थापन | प्रकाश मा.वि हुन्द्रफेदी | वडा नं. ४ | ४२९००० |
| १८ | बाल विकास केन्द्र व्यवस्थापन | हिमालय बाल विकास केन्द्र | वडा नं. ४ | १००००० |
| १९ | बाल विकास केन्द्र व्यवस्थापन | हुन्द्र बाल विकास केन्द्र | वडा नं. ४ | १००००० |
| **जम्मा** | | | | **१०२८७०००** |
| | | | | |

## ढोरपाटन नगरपालिकाको बजेट (आर्थिक बर्ष-२०७५/०७६)

| क्र.स | क्षेत्र | **वडा नं. ५** | | |
|---|---|---|---|---|
| १ | भवन | प्याङखोला भवन निर्माण | वडा नं. ५ | ८००००० |
| २ | भवन | चौर आमा समुह भवन संरक्षण ग्याविन निर्माण तथा भवन प्लाष्टर | वडा नं. ५ | ३००००० |

| | | | | |
|---|---|---|---|---|
| ३ | सडक | भुमेथान असारेधारा घोसाखानी मोटरबाटो निर्माण तथा मर्मत | वडा नं. ५ | ५००००० |
| ४ | अन्य पुर्वाधार | शिवालय सिकाई केन्द्र व्यवस्थापन | वडा नं. ५ | १००००० |
| ५ | सडक | धोखोला साहुथोक घोरटो बाटो निर्माण | वडा नं. ५ | २००००० |
| ६ | भवन | सरस्वती प्रा.वि चर्पी निर्माण | वडा नं. ५ | ४००००० |
| ७ | सडक | घुंघरे हुदै चौर घोरेटो बाटो मर्मत | वडा नं. ५ | २००००० |
| ८ | सडक | बुडाथोक पुलदेखि ऐराखर्क मनदेउ घो.वा मर्मत | वडा नं. ५ | ३००००० |
| ९ | सडक | सैखोला हुदै भग्रेधारा लामेला घो.वा. मर्मत | वडा नं. ५ | १००००० |
| १० | सडक | नौविसे बाहुनगाउँ मोटरबाटो निर्माण | वडा नं. ५ | ११००००० |
| ११ | सडक | नाथुरी घोसाखानी मोटरबाटो निर्माण | वडा नं. ५ | ७००००० |
| १२ | सडक | सेराखोला भग्रेधारा हुदै पाखापानी मो.बा निर्माण | वडा नं. ५ | २००००० |
| १३ | सडक | पाखापानी लामेला मोटरबाटो निर्माण | वडा नं. ५ | २००००० |
| १४ | भवन | मस्ती शिवालय मन्दिर मर्मत | वडा नं. ५ | ३००००० |
| १५ | सडक | मस्ती रातोपानीखोला घोरेटो बाटो मर्मत | वडा नं. ५ | १००००० |
| १६ | भवन | निन्नेचौर बालविकास शौचालय निर्माण | वडा नं. ५ | १००००० |
| १७ | खानेपानी | काउलाबोट खानेपानी मर्मत | वडा नं. ५ | १००००० |
| १८ | तटबन्धन | स्वास्थ्य चौकी अधिकारीचौर तटबन्धन | वडा नं. ५ | ५००००० |
| १९ | भवन | साविस गाविस भवन मर्मत तथा व्यबस्थापन | वडा नं. ५ | ३००००० |
| २० | अन्य पुर्वाधार | उपल्लो दोगाडीमा ग्याविन भर्ने काम | वडा नं. ५ | १००००० |
| २१ | खानेपानी | लामेला खानेपानी मर्मत | वडा नं. ५ | १००००० |
| २२ | खानेपानी | बुडाथोक खानेपानी मर्मत | वडा नं. ५ | ३००००० |
| २३ | शिक्षक व्यवस्थापन | भुजी मा.वि अधिकारीचौर | वडा नं. ५ | १०४००० |
| २४ | शिक्षक व्यवस्थापन | भुजि महाविर आधारभुत विद्यालय चौर | वडा नं. ५ | २६०००० |
| २५ | शिक्षक व्यवस्थापन | शिवालय मा.वि अधिकारीचौर | वडा नं. ५ | २३४००० |
| २६ | बाल विकास केन्द्र व्यवस्थापन | लामाचौर बाल विकास केन्द्र | वडा नं. ५ | १००००० |
| २७ | बाल विकास केन्द्र व्यवस्थापन | निन्नेचौर बाल विकास केन्द्र | वडा नं. ५ | १००००० |

| | | | | |
|---|---|---|---|---|
| जम्मा | | | | ७७९८००० |

# ढोरपाटन नगरपालिकाको बजेट (आर्थिक बर्ष-२०७५/०७६)

| क्र.स | | वडा नं ६ | | |
|---|---|---|---|---|
| १ | तटबन्धन | खोर सिरिमबोट बस्ती तटबन्धन | वडा नं. ६ | ४००००० |
| २ | सिचांई | सुब्जागाउँ डाँडा खेत सिँचाइ योजना | वडा नं. ६ | १५००००० |
| ३ | सडक | सहिखोला पुल हुदैं बघा घाँटी सम्म पैदल मार्ग | वडा नं. ६ | ५००००० |
| ४ | खानेपानी | घाँटी बगा खानेपानी मर्मत | वडा नं. ६ | ५००००० |
| ५ | भवन | गादीखोला महिला समुह भवन निर्माण | वडा नं. ६ | ५००००० |
| ६ | सडक | बाहुन गाँउ छापडाँडा घैयाखेत मोटरबाटो निर्माण | वडा नं. ६ | ५००००० |
| ७ | अन्य पुर्वाधार | जनता प्रा.वि घैयाखानी घेरावार निर्माण | वडा नं. ६ | २००००० |
| ८ | भवन | विश्वकर्मा मन्दिर ओखेनी मर्मत | वडा नं. ६ | ३००००० |
| ९ | अन्य पुर्वाधार | सिम बराह मन्दिर घेराबार निर्माण | वडा नं. ६ | ३००००० |
| १० | भवन | झक बालविकास केन्द्र मर्मत | वडा नं. ६ | ३५०००० |
| ११ | खानेपानी | दाङचुङ खानेपानी टयाँकी घेरावार | वडा नं. ६ | ५०००० |
| १२ | सिचांई | पानिपोखरा आलबेशी सिँचाइ | वडा नं. ६ | २००००० |
| १३ | तटबन्धन | सहिखोला पुलमुनि तटबन्धन | वडा नं. ६ | २००००० |
| १४ | तटबन्धन | भुजुङखोला तटबन्धन | वडा नं. ६ | १५०००० |
| १५ | तटबन्धन | ढोरपाटन राक्षेसतालदेखि धुपीरुखसम्म तटबन्धन | वडा नं. ६ | २५०००० |
| १६ | सडक | पुरानो गाँउ मोटरबाटो निर्माण | वडा नं. ६ | ३५०००० |
| १७ | सडक | लाकुरीबोट सुब्जागाँउ घैयाखेत मोटरबाटो | वडा नं. ६ | ४००००० |
| १८ | भवन | नमुना सामुदायिक भवन तथा शौचालय निर्माण मोराङ | वडा नं. ६ | ८००००० |
| १९ | भवन | रातोपहरा युवा क्लव भवन निर्माण | वडा नं. ६ | ४००००० |
| २० | भवन | सिद्धबराह बाल शिक्षा भवन निर्माण | वडा नं. ६ | ४००००० |
| २१ | भवन | ओखनी सामुदायिक भवन निर्माण | वडा नं. ६ | ९००००० |
| २२ | भवन | रातोपहरा वालविकास केन्द्र निर्माण | वडा नं. ६ | ४००००० |
| २३ | खानेपानी | सातधारा खानेपानी निर्माण | वडा नं. ६ | १५०००० |
| २४ | विधुत | गादीखोला ल.ज.वि मर्मत | वडा नं. ६ | २५०००० |

| | | | | |
|---|---|---|---|---|
| २५ | विधुत | पाङग्राघारी ल.ज.वि मर्मत | वडा नं. ६ | २५०००० |
| २६ | खानेपानी | खड्का गाँउ खानेपानी मर्मत | वडा नं. ६ | ५०००० |
| २७ | सडक | हिलेबारी सिमधारा मोटरबाटो | वडा नं. ६ | २५०००० |
| २८ | खानेपानी | पानीपोखरा खानेपानी | वडा नं. ६ | २००००० |
| २९ | सडक | खानी खोरिया मोटरबाटो | वडा नं. ६ | ३००००० |
| ३० | सडक | गादीखोला मा.वि देखि विद्या विकास मा.वि सम्म घोरटोबाटो निर्माण | वडा नं. ६ | १००००० |
| ३१ | शिक्षक व्यवस्थापन | विद्याविकास मा.वि गादिखोला | वडा नं. ६ | ७१५००० |
| ३२ | शिक्षक व्यवस्थापन | नवज्योती प्रा.वि ओखेनी | वडा नं. ६ | १३०००० |
| ३३ | शिक्षक व्यवस्थापन | तुला आधारभुत विद्यालय चामिद्धार | वडा नं. ६ | १३४००० |
| ३४ | शिक्षक व्यवस्थापन | जनचाहना आधारभुत विद्यालय कुदुम | वडा नं. ६ | ४९४००० |
| ३५ | शिक्षक व्यवस्थापन | बाल कल्याण प्रा.वि | वडा नं. ६ | १०४००० |
| ३६ | बाल विकास केन्द्र व्यवस्थापन | झक बाल विकास केन्द्र | वडा नं. ६ | १००००० |
| ३७ | बाल विकास केन्द्र व्यवस्थापन | प्रभुकुटी बाल विकास केन्द्र | वडा नं. ६ | १००००० |
| ३८ | बाल विकास केन्द्र व्यवस्थापन | सिद्ध बराह बाल विकास केन्द्र | वडा नं. ६ | १००००० |
| ३९ | | | | |
| **जम्मा** | | | | १२९७७००० |
| | | | | |

| क.स | | वडा नं. ७ | | |
|---|---|---|---|---|
| १ | भवन | तिर्थज्योति भवन निर्माण २ कोठे | वडा नं. ७ | १७०००० |
| २ | भवन | ज्योति विकास आधारभुत विद्यालय २ कोठा तला थप | वडा नं. ७ | १७०००० |
| ३ | भवन | ज्ञानोदय मा.वि. मर्मत | वडा नं. ७ | २००००० |
| ४ | सडक | गडिलुङ्ग बाटो स्तरोन्नती | वडा नं. ७ | १००००० |
| ६ | खानेपानी | घम्पु खानेपानी (ड्रम खरिद तथा वितरण) | वडा नं. ७ | १५०००० |
| ७ | खानेपानी | गलेप खानेपानी मर्मत | वडा नं. ७ | १००००० |
| ८ | खानेपानी | धारबोट खानेपानी मर्मत | वडा नं. ७ | ५०००० |
| ९ | खानेपानी | नुले खानेपानी | वडा नं. ७ | १००००० |
| १० | खानेपानी | बोवाङ घोसाली पधेंरा पानी मर्मत | वडा नं. ७ | १००००० |
| ११ | विधुत | भुजीखोला ल.ज.वि दोगाडी तेश्रो | वडा नं. ७ | १५०००० |
| १२ | विधुत | ढोरपाटन गर्पा खोला ल.ज.वि | वडा नं. ७ | २०००००० |
| १३ | तटबन्धन | ढोरपाटन तल्लो चौर तटबन्धन | वडा नं. ७ | ४५०००० |
| १४ | तटबन्धन | दोगाडी ट्रस पुल तटबन्धन | वडा नं. ७ | २५०००० |
| १५ | पुल कल्भर्ट | ढोरपाटन घट्ट्खोला मुलबाटो (ह्युम पाइप) | वडा नं. ७ | ३००००० |
| १६ | पुल कल्भर्ट | ढोरपाटन कुमाई घाट कल्भर्ट | वडा नं. ७ | ३००००० |
| १८ | पुल कल्भर्ट | पधेंरी खोला कमेरे घाट कल्भर्ट | वडा नं. ७ | १५०००० |
| | अन्य पुर्वाधार | हिमशिखर युवा क्लव भवन मर्मत | वडा नं. ७ | १००००० |
| १९ | भवन | वडा कार्यालय भवन मर्मत | वडा नं. ७ | २००००० |
| २० | भवन | खारा मन्दिर मर्मत | वडा नं. ७ | १००००० |
| २१ | . | ज्ञानोदय मा.वि. बोबाङ | वडा नं. ७ | ३२५००० |
| २२ | शिक्षक व्यवस्थापन | ज्योति विकास आधारभुत विद्यालय, बोबाङ | वडा नं. ७ | ३६४००० |
| २३ | शिक्षक व्यवस्थापन | बाल विकास प्रा.वि | वडा नं. ७ | १०४००० |
| २४ | शिक्षक व्यवस्थापन | तीर्थज्योती प्रा.वि बोबाङ | वडा नं. ७ | १०४००० |
| २५ | बाल विकास केन्द्र व्यवस्थापन | नमुना बाल विकास केन्द्र | वडा नं. ७ | १००००० |
| | | | | |
| **जम्मा** | | | | ९१९७००० |

| | | | | |
|---|---|---|---|---|

# ढोरपाटन नगरपालिकाको बजेट (आर्थिक बर्ष-२०७५/०७६)

| क्र.स | | वडा नं. ८ | | |
|---|---|---|---|---|
| १ | भवन | ढोरपाटन जनवादी आ.वि. भवन निर्माण, बोवाङ | वडा नं. ८ | १९००००० |
| २ | भवन | नौघर टोल बाल विकास | वडा नं. ८ | १०००००० |
| ३ | सडक | मसालगाउँ देखि थाम्कासम्म सिंडी निर्माण | वडा नं. ८ | ४२०००० |
| ४ | भवन | नमुना महिला भवन निर्माण | वडा नं. ८ | ७५०००० |
| ५ | सडक | वडा कार्यालय देखि नुन्थाला जनबादी वि. हुदै धैतानीगाउँ सम्म मोटरबाटो | वडा नं. ८ | ३५०००० |
| ६ | खानेपानी | कालाकोल खानेपानी मर्मत | वडा नं. ८ | १००००० |
| ७ | भवन | नमुना प्रा.वि २ कोठे आर.सि.सि भवन मर्मत, बोवाङ | वडा नं. ८ | ४००००० |
| ८ | सडक | नुन्थाला देखि धैतानीगाउँ सिंडी निर्माण | वडा नं. ८ | २००००० |
| ९ | तटबन्धन | देम्मरेखोला तटवन्धन निर्माण | वडा नं. ८ | १००००० |
| १० | सडक | सिकारुखोला देखि विजौले गाउँ सिंडी निर्माण | वडा नं. ८ | १५०००० |
| ११ | सडक | नौघर टोल देखि थाम्का सम्म सिंडी निर्माण | वडा नं. ८ | १००००० |
| १२ | सडक | झारबाङदेखि नमस्ते टावर सम्म पैदलमार्ग निर्माण | वडा नं. ८ | १००००० |
| १३ | अन्य पुर्वाधार | महिला सचेतना र सरसफाई कार्यक्रम | वडा नं. ८ | १००००० |
| १४ | खानेपानी | मोम्ला खानेपानी मर्मत | वडा नं. ८ | ५०००० |
| १५ | खानेपानी | होकत खानेपानी मर्मत | वडा नं. ८ | ८०००० |
| १६ | सडक | नुन्थला देखि उदिनढुँगा सम्म पैदलमार्ग निर्माण | वडा नं. ८ | ५०००० |
| १७ | पुल कल्भर्ट | दिजाघाट काठेसाँघु निर्माण | वडा नं. ८ | २५०००० |
| १८ | खानेपानी | ढोरपाटन दुर्गम प्रा.वि भजी खानेपानी मर्मत | वडा नं. ८ | १२०००० |
| १९ | अन्य पुर्वाधार | ढोरपाटन प्रहरीचौकी फर्निचर सामान खरिद | वडा नं. ८ | ५०००० |
| २० | खानेपानी | नौघर टोल खानेपानी मर्मत | वडा नं. ८ | १३०००० |
| २१ | अन्य पुर्वाधार | वडा कार्यालय सामाग्री खरिद | वडा नं. ८ | १००००० |
| २२ | सडक | दिजा बाट तातीन् सम्म पैदलमार्ग निर्माण | वडा नं. ८ | १००००० |
| २३ | खानेपानी | बिजौलेखोला घउँखेत कामीखोला खानेपानी मर्मत | वडा नं. ८ | १००००० |

| | | | | |
|---|---|---|---|---|
| २४ | शिक्षक व्यवस्थापन | ढोरपाटन जनवादी आधारभुत विद्यालय, बोबाङ | वडा नं. ८ | ४६८००० |
| २५ | शिक्षक व्यवस्थापन | नमुना प्रा.वि बोबाङ | वडा नं. ८ | १०४००० |
| २६ | बाल विकास केन्द्र व्यवस्थापन | नौ घर टोल बालविकास केन्द्र | वडा नं. ८ | १००००० |
| | | | | |
| | | | | |
| | | | | |
| **जम्मा** | | | | **७३७२०००** |

# ढोरपाटन नगरपालिकाको बजेट (आर्थिक बर्ष-२०७५/०७६)

| क्र.स | | वडा नं. ९ | | |
|---|---|---|---|---|
| १ | भवन | सरस्वती आधारभुत विद्यालय ग्राउण्ड मर्मत | वडा नं. ९ | ११०००० |
| २ | भवन | जनसेवा प्रा.वि फर्निचर तथा कक्षाकोठा ब्यबस्थापन | वडा नं. ९ | २००००० |
| ३ | भवन | रुद्रताल प्रा.वि कार्यालय ब्यबस्थापन | वडा नं. ९ | ५०००० |
| ४ | भवन | ढोरबराह प्रावि ग्राउण्ड निर्माण | वडा नं. ९ | १००००० |
| ५ | अन्य पुर्वाधार | सलथान प्रावि घेरावार निर्माण | वडा नं. ९ | १००००० |
| ६ | भवन | परोपकार स्वास्थ्य केन्द्र भवन निर्माण | वडा नं. ९ | ६००००० |
| ७ | खानेपानी | मोम्ला खानेपानी मर्मत | वडा नं. ९ | १००००० |
| ८ | पुल कल्भर्ट | जौले विसौनामा ३ वटा काठेपुल निर्माण | वडा नं. ९ | १५०००० |
| ९ | खानेपानी | फलियाघर खानेपानी मर्मत | वडा नं. ९ | १००००० |
| १० | खानेपानी | मस खानेपानी मर्मत | वडा नं. ९ | १००००० |
| ११ | खानेपानी | थासमर खानेपानी मर्मत | वडा नं. ९ | १००००० |
| १२ | खानेपानी | ठुलोबारी नौथरगाउँ खानेपानी मर्मत | वडा नं. ९ | १००००० |
| १३ | खानेपानी | घउँखेल खानेपानी मर्मत | वडा नं. ९ | १००००० |
| १४ | खानेपानी | सुप्राङ खानेपानी मर्मत | वडा नं. ९ | १००००० |
| १५ | खानेपानी | स्यालपाखे औवा वस्ती खानेपानी मर्मत | वडा नं. ९ | १००००० |

| | | | | |
|---|---|---|---|---|
| १६ | सडक | कुगु साम्जा निसी मोटरबाटो निर्माण | वडा नं. ९ | ५००००० |
| १७ | सडक | दुवाल देउराली गोरेटो बाटो स्तरोन्ती | वडा नं. ९ | ९००००० |
| १८ | पुल कल्भर्ट | घट्टेचौर काठेसाँगु निर्माण | वडा नं. ९ | ५०००० |
| १९ | विधुत | दुवाल विजुली पोल खरिद | वडा नं. ९ | २००००० |
| २० | तटबन्धन | ठुलो मसुरी तटबन्धन | वडा नं. ९ | २००००० |
| २१ | तटबन्धन | सुपाङ तटबन्धन | वडा नं. ९ | २००००० |
| २२ | तटबन्धन | भुसुन्डे तटबन्धन | वडा नं. ९ | १००००० |
| २३ | पुल कल्भर्ट | च्वाविर काठेसाँगो निर्माण | वडा नं. ९ | १००००० |
| २४ | पुल कल्भर्ट | मस काठेपुल निर्माण | वडा नं. ९ | १००००० |
| २५ | भवन | प्रहरी चौकी ढोरपाटन छाना मर्मत | वडा नं. ९ | १५०००० |
| २६ | पुल कल्भर्ट | लाखुरीबोट काठेसाँघु मर्मत | वडा नं. ९ | ५०००० |
| २७ | सडक | होकतखोला देखि गावा सम्म बाटो मर्मत | वडा नं. ९ | ४००००० |
| २८ | भवन | ज्याति विकास आ.वि छाना मर्मत कार्य | वडा नं. ९ | ५०००० |
| २९ | अन्य पुर्वाधार | काँगा सामुदायिक स्वास्थ्य इकाई ग्राउण्ड मर्मत | वडा नं. ९ | १००००० |
| ३० | विधुत | ढोरपाटन भुजीखोला ल.ज.वि आयोजना | वडा नं. ९ | ५००००० |
| ३१ | अन्य पुर्वाधार | थारुक गुम्वा  घडेरी मर्मत | वडा नं. ९ | १०००००० |
| ३२ | खानेपानी | पाखाथर खानेपानी ढोरपाटन | वडा नं. ९ | ३००००० |
| ३३ | तटबन्धन | घट्टेखोला तटबन्धन | वडा नं. ९ | ४००००० |
| ३४ | तटबन्धन | दुनापघेंरा तटबन्धन | वडा नं. ९ | ५००००० |
| ३५ | शिक्षक व्यवस्थापन | जनसेवा प्रा.वि बोबाङ | वडा नं. ९ | १०४००० |
| ३६ | शिक्षक व्यवस्थापन | जनचेतना प्रा.वि बोबाङ | वडा नं. ९ | १०४००० |
| ३७ | शिक्षक व्यवस्थापन | सरस्वती आधारभुत विद्यालय बोबाङ | वडा नं. ९ | ४९४००० |
| ३८ | शिक्षक व्यवस्थापन | रुद्रताल प्रा.वि बोबाङ | वडा नं. ९ | १०४००० |
| ३९ | शिक्षक व्यवस्थापन | सहलथान प्रा.वि बोबाङ | वडा नं. ९ | १०४००० |
| **जम्मा** | | | | ९८१०००० |

# ढोरपाटन नगरपालिकाको बजेट (आर्थिक बर्ष-२०७५/०७६)

| क.स | | नगरपालिका | | |
|---|---|---|---|---|
| १ | | जलविद्युत प्रारम्भिक अध्ययन | नगरपालिका | १०००००० |
| २ | | बुर्तिबाङ बजार खानेपानी निर्माण व्यवस्थापन तथा संचालन | नगरपालिका | १००००००० |
| ३ | | तारजाली तथा खानेपानी पाइप खरिद तथा मागका आधारमा वितरण | नगरपालिका | ७०००००० |
| ४ | | औचित्यका आधारमा नगर प्रमुख तोक आदेश बाट हुने अनुदान तथा आर्थिक सहायता कोष | नगरपालिका | २०००००० |
| ५ | | लक्षित वर्गका लागि कार्यक्रम | नगरपालिका | ४०००००० |
| ६ | | फोहोरमैला व्यवस्थापन कोष | नगरपालिका | १०००००० |
| ७ | | विपद व्यवस्थापन कोष | नगरपालिका | ५०००००० |
| ८ | | नगरपालिका को डि.पि.आर निर्माण | नगरपालिका | २०००००० |
| ९ | | समपुरक अनुदान कोष | नगरपालिका | ७०९५००० |
| १० | | शिक्षा विकास कार्यक्रम | नगरपालिका | १३४८०००० |
| ११ | | कृषि विकास कार्यक्रम | नगरपालिका | ६५००००० |
| १२ | | पशु विकास कार्यक्रम | नगरपालिका | ३५००००० |
| १३ | | स्वास्थ्य तथा आयुर्वेदिक सेवा | नगरपालिका | ६०००००० |
| १४ | | मगर संघको भवन निर्माण कार्यक्रम | नगरपालिका | १०००००० |
| १५ | | संचार क्षेत्र | नगरपालिका | ५००००० |
| १६ | | थकाली समाज घरलाई आर्थिक सहायता | नगरपालिका | २०५००० |
| १७ | | घोडाबाँधे अर्जुन गणलाई खानेपानी सहायता | नगरपालिका | २००००० |
| १८ | | खेलकुद विकास (विविध) | नगरपालिका | २०००००० |
| **जम्मा** | | | | ७२४८०००० |